दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



## सभापतिमा उठ्ने राठौरको घोषणा



बुटवल । नेपाली कांग्रेसका सहमहामन्त्री किशोरसिंह राठौरले पार्टीको १५औं महाधिवेशनमा आफू सभापतिको उम्मेदवार बन्ने घोषणा गरेका छन् ।

शनिबार बुटवलमा पत्रकारहरूसँग बोल्दै राठौरले सभापति बन्न आफूलाई वर्तमान सभापति शेरबहादुर देउवाको साथ पाउने दाबी गरे ।

'पार्टीलाई एकताबद्ध बनाउन र मुलुकमा बढ्दै गएको अराजकता, बेथिति र भ्रष्टाचार नियन्त्रण गर्न म सक्षम र योग्य नेतृत्व हो', राठौरले भने-'मलाई सभापति शेरबहादुर देउवाको साथ-सहयोग रहन्छ ।'

राठौरले आफू प्रधानमन्त्री वा मन्त्री बन्ने रहरले नभई कांग्रेसलाई बलियो बनाउन सभापति बन्न चाहेको बताए । 'कमजोर कांग्रेसले लोकतन्त्र कमजोर बनाउँछ र नागरिकका अधिकार खोसिन्छन्, त्यसैले लोकतन्त्र र कांग्रेसलाई बलियो बनाउन म सभापति बन्नुपर्छ ।'-राठौरले भने ।

प्रतिनिधिसभा सदस्य समेत रहेका राठौरले पार्टी सभापति भएपछि संगठनलाई नवीकरण गर्ने, भ्रष्टाचार नियन्त्रणमा कठोर कदम चाल्ने र नेतृत्वमा नयाँ धार ल्याउने प्रतिबद्धता जनाए ।

सत्ता समीकरणबारे उनले कांग्रेस-एमाले सहकार्यलाई व्यवहारमै इमान्दारीपूर्वक पालना गर्नुपर्ने अन्यथा कांग्रेस आफैं बलियो भएर अगाडि बढ्नुपर्ने बताए ।

सरकारको नेतृत्व हस्तान्तरण गर्ने एमालेको प्रतिबद्धताप्रति पूर्ण विश्वास गर्न नसकिने संकेत गर्दै उनले इमान्दारीपूर्वक सहकार्य भयो भने मात्र गठबन्धन टिक्छ अन्यथा नटिक्ने बताए ।

## महिला शक्ति समाज परिवर्तनको आधार : पूर्व राष्ट्रपति



बुटवल । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिला शक्ति परिवारको हिस्सा मात्रै नभएर सम्पूर्ण समाज परिवर्तनको आधार भएको बताएकी छिन् ।

परिवार निर्माणदेखि उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, सामाजिक रुपान्तरणमा महिलाको योगदान सधैं अग्रपंक्तिमा रहेको उनले बताइन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघले शनिबार आयोजना गरेको वृहत् महिला सम्मेलन २०८२ को उद्घाटन गर्दै पूर्वराष्ट्रपति भण्डारीले महिलाको योगदानलाई अझै अपेक्षित सम्मान प्राप्त नभएको बताइन् ।

'अब हामीले महिलाहरू पनि नेतृत्व गर्न, उद्यम सञ्चालन गर्न र समाज परिवर्तन गर्न पूर्णरूपमा सक्षम छन् भन्न सक्ने अवस्थाको सिर्जना गर्न सक्नुपर्दछ ।'- उनले भनिन् ।

वीरगञ्ज जस्तो व्यापारिक केन्द्रमा महिलाले उद्योग, व्यापार र उद्यमशीलतामा अग्रणी भूमिका खेल्नु व्यक्तिगत सफलता मात्रै नभएको भन्दै पूर्वराष्ट्रपति भण्डारीले प्रशंसा गरेकी थिइन् । त्यहाँको महिलाहरूको सक्रियता सिंगो देशकै अर्थतन्त्रलाई सुदृढ बनाउने यात्रा पनि भएको उनको भनाइ छ ।

महिला उद्यमशीलतालाई सम्मान र प्रोत्साहन गर्नुपर्ने भन्दै भण्डारीले आगामी पुस्तालाई प्रेरणा दिनेगरी अघि बढ्नुपर्नेमा जोड दिइन् । 'हामीले हाम्रो समाजमा अझै बाँकी रहेका लैंगिक असमानता, पूर्वाग्रह र अवरोधहरूलाई तोड्नुपर्नेछ, यसका लागि महिलाले आफैं आत्मविश्वासी बन्नुपर्छ, समाजलाई सकारात्मक ढंगले चुनौती दिनुपर्छ र परिवर्तनको नेतृत्व लिनुपर्दछ ।'-उनले भनिन् ।

» *बाँकी ३ पेजमा*

## लुम्बिनीका मेयर सजरूद्दिनको निधन



बुटवल । लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगरप्रमुख सजरुद्दिन मुसलमान (खान) को निधन भएको छ । नगरप्रमुख खानको शनिबार बिहान ९ बजे हृदयघातका कारण निधन भएको लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. ३ का वडाध्यक्ष अकरामुद्दिन नाउ मुसलमानले बताए । नगरप्रमुख शुक्रबार मात्रै मलेशिया भ्रमणबाट घर फर्केका थिए ।

बिहान स्वास्थ्यमा समस्या आएपछि युनिभर्सल मेडिकल कलेज भैरहवा लैजाने क्रममा बाटोमै उनको मृत्यु भएको वडाध्यक्ष मुसलमानले जानकारी दिए । 'उहाँ शुक्रबार मलेशियाबाट फर्कनु भएको थियो, राति सुत्दा र बिहान उठ्दासम्म राम्रै थियो, बिहान उठेपछि अप्ठेरो भयो भनेपछि मेडिकल कलेज लैजाँदै गर्दा निधन भएको हो ।'-मुसलमानले भने । नगरप्रमुख खान नेपाली कांग्रेसबाट निर्वाचित भएका थिए । उनी अन्दाजी ७० वर्षका थिए ।

### प्रधानमन्त्री-चिनियाँ राष्ट्रपति भेटवार्ता:

# लिपुलेकबारे चीन-भारत सहमतिप्रति आपत्ति



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग लिपुलेकलाई व्यापारिक मार्ग बनाउने भारतको सहमतिका विषयमा आपत्ति जनाएका छन् ।

परराष्ट्र मन्त्रालयका अमृत राईका अनुसार, शनिबार दिउँसो भएको भेटवार्ताका क्रममा प्रधानमन्त्री ओलीले उक्त भू-भागबारे भएको सहमतिको बारेमा प्रधानमन्त्री ओलीले स्पष्ट रुपमा आपत्ति जनाएका छन् ।

'नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने विषयमा चीन र भारतबिच भएको सहमतिका विषयमा मैले राष्ट्रपति सीसँग स्पष्ट रूपमा आपत्ति रहेको कुरा राखेको छु,' प्रधानमन्त्री ओलीको भनाइ उद्धृत गर्दै राईले भने-'सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका भू-भागहरू सार्वभौम मुलुक नेपालका भएको स्पष्ट छ । यस मामिलामा चीनले नेपाललाई सहयोग गर्नेछ भन्ने हाम्रो विश्वास रहेको छ ।'

भेटका अवसरमा दुई देशबिचको मित्रवत सम्बन्ध र सहकार्यका विविध क्षेत्रमा कुराकानी भई सम्बन्ध र सहकार्य अभिवृद्धि गर्न दुवै देशका संयन्त्र अग्रसर हुने निधो गरेको पनि राईले जानकारी गराएका छन् ।

प्रधानमन्त्री ओली चीनको औपचारिक भ्रमणमा गएका हुन् । प्रधानमन्त्री ओलीले शनिबार नै चिनियाँ राष्ट्रपति सीसँग भेटवार्ता गरेका थिए । एससिओ शिखर सम्मेलनमा भाग लिन २३ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री चीन गएका हुन् ।

प्रधानमन्त्री ओलीले सेप्टेम्बर ३ मा बेइजिङमा आयोजना हुने ८०औं वार्षिकोत्सवका स्मृति कार्यक्रममा सहभागिता जनाउने भ्रमणको कार्यतालिकामा उल्लेख छ ।

त्यसअघि उनले सेप्टेम्बर १ मा तियान्जिनमा आयोजना हुने शिखर सम्मेलनलाई सम्बोधन गर्नेछन् ।

सो अवसरमा प्रधानमन्त्री ओलीले शिखर सम्मेलनमा सहभागी केही विश्व नेताहरूसँग समेत भेटवार्ता गर्ने तय भएको छ ।

परराष्ट्र मन्त्रालयका अमृत राईका अनुसार प्रधानमन्त्री ओलीले लिपुलेक सहमतिबारे आपत्ति जनाए पनि चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटबारे यो कुरा उल्लेख गरेका थिएनन् । बरु भेट भएकोमा खुसी व्यक्त गरेका थिए ।

'राष्ट्रपति सीलाई लगातार दोस्रो वर्ष भेट्न पाएकोमा र फलदायी द्विपक्षीय वार्ता गर्न पाएकोमा खुसी छु,'-भेटपछि ओलीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्-'विभिन्न विषयहरूमा भएको प्रगतिबारे समीक्षा गऱ्यौं र द्विपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने सहमति जनायौं ।'

उनले आफूलाई 'एससीओ प्लस सम्मेलन'मा आमन्त्रणा दिएकोमा राष्ट्रपति सीप्रति धन्यवाद व्यक्त समेत गरेका छन् ।

चीनमा रहँदा प्रधानमन्त्री ओलीले चिनियाँ सैन्य परेडको अवलोकन गर्ने छन् । त्यस्तै रुसी राष्ट्रपति भ्लादमिर पुटिनलगायतका नेताहरूसँग पनि साइडलाइनमा भेटवार्ता गर्ने छन् ।

## 'बलियो पार्टीले मात्रै देश विकास गर्न सक्छ'

**लुम्बिनी संवाददाता**
*भैरहवा*

नेकपा एमालेका उपाध्यक्ष तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले देशमा बलियो पार्टीले नेतृत्व नगर्दा देशको विकास नहुने भएकोले एमाले बलियो बनाउने अभियानमा लाग्न आग्रह गरेका छन् । मर्चवारमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै पौडेलले एमाले देशको नेतृत्व गर्ने पार्टी भएकाले अब मर्चवारको विकासको जिम्मेवारी लिने बताए ।

मर्चवारको विकासको लागि एमालेको अगुवाइमा गोलबन्द हुन उनले आग्रह गरे ।

मर्चवारलाई देशकै उदाहरणीय स्थान बनाउने जिम्मेवारी एमालेको काँधमा आएको भन्दै उनले अब मर्चवारमा विभेद नहुने उल्लेख गरे ।

एमालेले विकासका आवश्यकता पहिचान गरेर अघि बढ्ने उनले बताए । मर्चवारलाई चाहेको भन्दा दोब्बर मल उपलब्ध गराउने अर्थमन्त्री पौडेलले आश्वासन दिए ।

मर्चवारमा चक्रपथ र स्तरीय सडक नहुनु मुख्य समस्या औंल्याउँदै अर्थमन्त्री पौडेलले बेलबास बेथरी जस्तै अब सडक बनाउँदा प्राथमिकतामा पारेर मर्चवारलाई जोड्ने बताए । मर्चवारमा कुनै अस्पताल नभएको औंल्याउँदै नेता पौडेलले ठाउँ खोजेमा बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए । उनले जिल्ला अस्पताल जत्तिकै सेवासुविधाको अस्पताल बनाउने बताए । यस्तै त्रिभुवन विश्वविद्यालयको आंगिक कलेज स्थापनाको पहल हुने, सिँचाइका लागि कालीगण्डकी तिनाउ डाइभर्सन गर्नेलगायतका आश्वासन पौडेलले दिए ।



एमालेका केन्द्रीय पोलिटब्युरो सदस्य लिला गिरीले मर्चवार क्षेत्रको पूर्वाधार विकास तथा कृषिको आधुनिकीकरणमा पार्टीले उल्लेखनीय काम गरेर देखाउने प्रतिबद्धता जनाए ।

कार्यक्रममा सम्मरीमाई गाउँपालिकाका पूर्व अध्यक्ष जितेन्द्रनाथ शुक्ला र मर्चवारी गाउँपालिकाका पूर्व अध्यक्ष केशवनन्दन बानियाँले उप-प्रधानमन्त्री पौडेल समक्ष मर्चवार क्षेत्रमा चार लेनको रिङ्ग रोड निर्माण गर्न आग्रह गरे ।

शुक्लाले मलखाद, कृषि सामग्री र सिँचाइ सुविधा सहज रुपमा उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराए । कार्यक्रममा एमाले नेताहरू तुलसीप्रसाद चौधरी र सुनिता ठटेरले पनि बोल्दै तराई मधेशको समृद्धि एमालेकै नेतृत्व सम्भव हुने भन्दै आबद्ध भएकालाई स्वागत गरे ।

एमाले प्रवेश गर्ने दुई पूर्व पालिका अध्यक्ष मध्ये शुक्ला चार पटक दल परिवर्तन गरेका र बानियाँ भ्रष्टाचारको आरोपमा अख्तियारमा मुद्दा खेपेका हुन् ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# इजलास चलाऊ

नेपालको संविधानले स्थानीय तहलाई न्यायिक अधिकार समेत दिएको छ। स्थानीय तहको उप-प्रमुख र उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति रहने र त्यसले स्थानीयस्तरका झैंझगडा, साँध सीमाको मुद्दाको फैसला गर्न पाउने अधिकार छ। यो समितिको कामलाई प्रभावकारी बनाउन खडा गरिएको इजलासलाई कतिपय पालिकाहरुले बाहेक प्रयोग गरेका छैनन्।

इजलास भनेको मुद्दाको वादी र प्रतिवादीको बयान सुन्ने, सुनवाइ र फैसला गर्ने ठाउँ हो। हरेक तहको अदालतमा न्यायाधीशले यही इजलासमा बसेर मुद्दाको छिनोफानो गर्दछन्। न्यायिक निरूपण पारदर्शी बनाउन खडा गरिएको एउटा संरचना हो। यो संरचनाले न्यायालयप्रति विश्वास र भरोसा बढाएको छ। स्थानीय तहमा पनि अदालतमा झैं इजलासको व्यवस्था गर्नुको अर्थ हो, स्थानीय तह पनि न्यायालय हुन्, यिनले गर्ने काम पनि अदालतका फैसला झैं पारदर्शी र जवाफदेही हुनुपर्छ भन्ने हो। तर जुन प्रयोजन र उद्देश्यका लागि इजलास खडा गरियो, पूर्वाधार र संरचना तयार भयो, ती संरचनालाई प्रयोग नहुनुले स्थानीय तहले प्राप्त गरेको अधिकारको प्रयोग हुन सकेको छैन।

स्थानीय तहलाई सानातिना मुद्दा मामिला मिलाउने जिम्मेवारी दिनुको उद्देश्य समाजमा मेलमिलापको वातावरण बनाउनका लागि हो। सामान्य विषयका लागि अदालत पुग्नै पर्ने अवस्था आउनुहुँदैन भन्नका लागि हो। रूपन्देहीको सैनामैना नगरपालिकाले इजलासलाई प्रयोग नगरी माकुरोको जालो लाग्ने अवस्था आउनु माल पाएर चाल नपाएको अवस्था हो। अरु पालिकाले पनि इजलास बनाए पनि प्रयोग नगर्ने र इजलास नबनाउने गरेको भए उनीहरु संवैधानिक प्रबन्धको मर्मलाई बुझ्न सकेका छैनन् भन्ने सन्देश प्रवाह हुन्छ। शासन प्रणालीलाई विधिवत स्थापना राजनैतिक नेतृत्व स्थापना भएर मात्रै हुँदैन। संवैधानिक प्रबन्धअनुसारको जिम्मेवारी र दायित्व कुशलतापूर्वक बहन गर्दा मात्रै शासन प्रणाली प्रभावकारी हुने हो।

तहगत सरकारमध्ये स्थानीय तह नागरिकको घरदैलोको सरकार हो। नागरिकको घरदैलोको सरकार नागरिकको समस्या, आवश्यकताप्रति बढी जिम्मेवार र जवाफदेही हुनुपर्ने अपेक्षा हुन्छ। नागरिकको यो अपेक्षा पूरा गर्नुपर्ने जिम्मेवारीबाट स्थानीय तह चुक्नुहुन्न। संवैधानिक प्रबन्धअनुसार स्थानीय तहले पहिलो पाँच वर्षे कार्यकाल पूरा गरी दोस्रो कार्यकालको मध्यविन्दुमा आइपुगेका छन्। यो विन्दुमा आइपुग्दा भए गरेका कामको समीक्षा गर्ने र गर्नुपर्ने काम नभएका भए छिटो गर्ने र नतिजा निकाल्ने बेला पनि हो। संवैधानिक प्रबन्धअनुसारको जिम्मेवारी पूरा गर्दा मात्रै सरकार र व्यवस्थाप्रति नागरिकको अपनत्व र विश्वासको जग खडा हुने भएकाले तहगत सरकार जिम्मेवारी पूरा गर्दा जवाफदेही हुनु अपरिहार्य छ।

# नेपालको लिपुलेक क्षेत्र : सार्वभौमिकतामाथिको प्रहार



**विन बहादुर कुँवर**



नेपालको सीमाना केवल भौगोलिक रेखा मात्र होइन, यो हाम्रो स्वतन्त्रता, पहिचान र गौरवपूर्ण इतिहासको प्रतीक हो। तर पछिल्ला वर्षहरूमा लिपुलेक क्षेत्र नेपालका लागि अस्मिता र सार्वभौमिकताको गहिरो घाउ बन्न पुगेको छ। अझ दुःखद कुरा त के छ भने भारत र चीनजस्ता शक्तिशाली छिमेकीहरूले नेपालको सहमति बिना यस क्षेत्रमा सडक निर्माण गर्दै, नेपालको स्वाधीनता र सार्वभौमिक अधिकारलाई खुला चुनौती दिइरहेका छन्। यस किसिमको गतिविधिले नेपालको भू-राजनीतिक अस्तित्वलाई मात्र होइन, भविष्यमा हाम्रो राष्ट्रिय हित र सुरक्षा नीतिलाई समेत गम्भीर खतरामा पार्दै छ।

इतिहासलाई हेर्ने हो भने सुगौली सन्धि (१८१६) ले नै महाकाली नदीलाई नेपाल-भारत सीमाको आधार बनाएको थियो र यस आधारमा लिपुलेक क्षेत्र नेपालको अविभाज्य अंगको रूपमा मान्यता पाएको थियो। त्यसपछि पनि विभिन्न कालखण्डमा नक्सा र सीमाङ्कनमा विवाद उत्पन्न भएता पनि लिपुलेक नेपालको स्वामित्वमा रहेको भू-भाग हो भन्नेमा कुनै भ्रम थिएन। तर २०१५ मा भारतले एकतर्फी रूपमा सडक निर्माण घोषणा गर्दा र पछिल्लो समय चीनले समेत सो क्षेत्रमा पूर्वाधार निर्माणमा हात हाल्दा नेपालको सार्वभौमिकतामाथि दोहोरो प्रहार भएको छ। यी गतिविधिहरू केवल प्राविधिक विकासका नाममा होइन, भू-राजनीतिक रणनीतिका नाममा भइरहेका छन्, जसको प्रत्यक्ष असर नेपालको भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षामा पर्न गइरहेको छ।

यसैबिच प्रश्न उठ्छ–किन नेपालको सरकार मौन छ ? किन यस्ता गतिविधि रोक्ने ठोस र निर्णायक पहल भएको छैन ? सत्तामा रहेका दलहरू सत्ता र कुर्सीको राजनीतिमा रमाइरहेका छन्, तर राष्ट्रको माटो खस्दै जाँदा पनि उनीहरू बेखबरजस्ता छन्। कांग्रेस, एमाले, माओवादी वा अन्य दल-सबैको प्राथमिकता सिंहदरबारको सत्तासम्म मात्र सीमित छ र राष्ट्रिय स्वाधिनता जस्ता गम्भीर मुद्दाहरू खोक्रा वक्तव्य र कागजी विरोधमा मात्र सीमित भइरहेका छन्। यस्तो प्रवृत्ति केवल राजनीतिक अक्षमता मात्र होइन, राष्ट्रिय दायित्वप्रतिको पूर्ण उपेक्षा पनि हो।

अन्तर्राष्ट्रिय सम्बन्ध र सीमावर्ती भू-भाग संरक्षणमा नेपालका नेताहरूले कम्युनिष्ट विचारधारामा पाइने राष्ट्र-स्वाधिनताको अडानलाई समेत बिर्सेका छन्। नेपालका अग्रगामी नेताहरू–पुष्पलाल, मार्क्स, लेनिन, माओलगायतले बारम्बार भनेका छन् कि -'पूर्ण र वास्तविक स्वाधिनता बिना कुनै पनि जनगणतन्त्र सम्भव छैन।' तर वर्तमान दलहरूले जनताको सार्वभौमिकताको मुद्दा उठाउने साहस समेत देखाएका छैनन्। बरु उनीहरूले राष्ट्रको सीमालाई नै वार्ता र सम्झौतामा बेच्ने प्रवृत्ति देखाउँदै छन्, जुन दीर्घकालीन रूपमा नेपालको अस्तित्व र पहिचानमाथिको प्रहार हो।

आज आवश्यक छ-राष्ट्रिय सहमति र दृढ कार्ययोजना। भारत र चीनसँग बराबरीको स्वरमा वार्ता गर्दै सीमावर्ती अतिक्रमण रोक्न र लिपुलेक क्षेत्र नेपालको अविभाज्य हिस्सा हो भन्ने कुरा अन्तर्राष्ट्रिय समुदायमा उजागर गर्नुपर्ने अत्यन्त जरुरी छ। यसका लागि केवल कूटनीतिक भाषा मात्र होइन, ठोस राजनीतिक दृष्टि, राष्ट्रवादी चरित्र र अन्तर्राष्ट्रिय समर्थन आवश्यक छ। नभए, हाम्रो सार्वभौमिकता र भू-अस्मिता दुवै केवल इतिहासका पानामा मात्र सीमित हुनेछन् र भविष्यको पुस्ताले हामीलाई राष्ट्रप्रेमी नभई राष्ट्र-उपेक्षी पुस्ता भनेर मूल्याङ्कन गर्नेछन्।

यसकारण, लिपुलेकको रक्षा गर्नु भनेको केवल जमिनको टुक्रा बचाउनु मात्र होइन, नेपालको भविष्य र पहिचान जोगाउनु हो। जब जनगणतन्त्रको आँधिबेहरी उठ्छ, यसले राष्ट्रिय सार्वभौमिकतामाथि खेलबाड गर्ने शक्ति र स्वार्थी नेतृत्वलाई पनि चुनौती दिनेछ। इतिहासले सधैं देखाएको छ कि अग्रगमनको गति रोकिन सक्दैन। अब समय आएको छ-नेतृत्व जाग्ने, जनता उठ्ने र राष्ट्रको माटो र सम्मानलाई बचाउन निर्णायक कदम चाल्ने।

# बौद्ध कानुनमा मानवअधिकार



**शिवपाल चौधरी**

जन्म र मृत्यु एक प्राकृतिक घटना हो, जुन स्वाभाविक रूपमा हुन्छ। जब आमाले जन्म दिन्छिन्, नवजात शिशुले नयाँ शरीर लिएर मात्र यो संसार प्राप्त गर्दैन, केही अधिकारहरू पनि लिएर जन्मेको हुन्छ। यी अधिकारहरू जन्मदेखि मृत्युसम्म कुनै पनि प्रतिबन्ध वा कुनै भेदभाव बिना सधैंभरि अस्तित्वमा रहन्छन्। उमेर, लिङ्ग, रंग, जाति र अन्य कुनै पनि आधारलाई ध्यान नदिई मानिसले जन्मदेखि मृत्युसम्म प्राप्त गर्ने/धारण गर्ने यी अधिकारहरूलाई मानवअधिकार भनिन्छ। यी केही आधारभूत अधिकारहरू हुन्, जुन सबैलाई जन्मजात मात्र एउटा मानव भएको कारणले दिइन्छ। उदाहरणका लागि, जीवनको अधिकार, समानता र भेदभाव नगर्ने अधिकार, विचार र धर्मको स्वतन्त्रताको अधिकार, शिक्षाको अधिकार, निष्पक्ष न्यायको अधिकार, काम र जीविकोपार्जनको अधिकार आदि।

बौद्ध कानुन भन्नाले बौद्ध धर्ममा आधारित कानुनी, नैतिक र सामाजिक सिद्धान्तहरूको प्रणालीलाई बुझिन्छ, जसको मूल आधार गौतमबुद्धका उपदेश र शिक्षाहरू हुन्। यसको उत्पत्ति बुद्धले आफ्ना अनुयायीहरू, विशेष गरी संघ (भिक्षु भिक्षुणीहरूको संगठन) लाई अनुशासित बनाउन बनाइएका नियमहरूबाट भएको हो, जसलाई विनय पिटकमा समेटिएको छ। यसको मूल आधार नैतिकता, अहिंसा, करुणा र समानतामा टेकेर बनेको छ। पाँचशील (हत्या नगर्ने, चोरी नगर्ने, झुट नबोल्ने, यौन दुर्व्यवहार नगर्ने, मदिरा सेवन नगर्ने) र अष्टाङ्गिक मार्ग (सम्यक दृष्टि, विचार, वाचा, कर्म, आजीविका, प्रयास, स्मृति र समाधि) यसका आधारभूत स्तम्भ हुन्। बौद्ध कानुन केवल धार्मिक दायरामा सीमित नभई सामाजिक र कानुनी जीवनमा पनि महत्वपूर्ण बनेको छ। बौद्ध कानुनले जात, वर्ग, लिङ्ग वा जन्मभन्दा कर्म र आचरणलाई महत्व दिन्छ, जसले समानता र न्यायलाई प्रवर्धन गर्छ। आधुनिक मानवअधिकार र न्याय प्रणालीमा पनि अहिंसा, करुणा र समानताको मूल्य बौद्ध कानुनबाट नै प्रेरित छन्। यसरी, बौद्ध कानुन केवल धार्मिक नियम नभई समाजलाई शान्ति, अनुशासन, मानवअधिकार र न्यायतर्फ डोऱ्याउने सार्वभौम मानवीय मूल्य हो। नेपाल, भारत, श्रीलंका, थाईल्यान्ड, भूटान, तिब्बतजस्ता मुलुकहरूको सामाजिक र कानुनी संरचना यसबाट प्रभावित छ।

गौतमबुद्ध जसको मूल सार करुणा, अहिंसा र नैतिकता हो। उहाँले आफ्नो शिक्षामा मानवअधिकारको अवधारणा पनि समावेश गर्नुभयो, जसलाई बौद्ध कानुन भनिन्छ। बौद्ध कानुनमा, विशेष गरी पञ्चशिलमा अरूलाई नमार्नु, बलात्कार नगर्ने, चोरी नगर्ने समावेश गरिएका छन्। अन्य दृष्टिकोणबाट, यी सबैले मानव अधिकारहरू प्रतिविम्बित गर्दछन् अर्थात् जीवनको अधिकार, सम्पत्तिको अधिकार, यौनबाट सामना गर्ने अधिकार, कर्मको कानुनमा, बुद्धले नकारात्मक/खराब कर्मलाई प्रतिबन्धित गर्दछन्। यदि हामीले यसलाई अर्को कोणबाट हेर्छौं भने, हामी मानवअधिकारहरू देख्छौं कि हामीलाई अरूले खराब कर्मबाट हानि पुऱ्याउनु हुँदैन। सिगालोवाद सुत्तमा, यो सल्लाह दिइएको छ कि सबैले सामाजिक न्याय र पारस्परिक सम्मानको रूपमा लिन सकिने सबैसँग निष्पक्षता र दयाको साझा व्यवहार देखाउनुपर्छ। अग्नी सुत्तमा, बुद्धले मानवअधिकारको समानताको अधिकारको रूपमा लिन सकिने भेदभाव अन्त्य गर्न सुझाव दिएका छन्। कलामसुत्तमा, बुद्धले आफ्ना अनुयायीहरूलाई अन्धाधुन्ध पालना नगर्न तर तर्क र अनुभवमार्फत् मलाई परीक्षण गर्न भन्नुभयो। यसले स्वतन्त्रताको अधिकारलाई प्रतिविम्बित गर्दछ। अनुसन्धान, प्रमाण र आफ्नो रक्षा गर्ने मौका बिना दण्डित नगरिने विनय नियमहरूलाई उचित प्रक्रिया र निष्पक्ष ट्रायल अधिकारसँग तुलना गर्न सकिन्छ। दशराज धम्मको अवधारणा जसमा दान (उदारता/परोपकार), शील (नैतिकता), परिच्चाग (परोपकारिता), आज्जव (सत्यनिष्ठा), मद्दव (नम्रता), तप (आत्मसंयम), अक्कोध (अक्रोध), अविहिंसा (अहिंसा), क्षान्ति (धैर्य/सहिष्णुता), अविरोधन (समता/सद्भाव) समावेश छन्, यी विचारहरुले विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई पनि दर्शाउँछन्।

विश्वभर मानवअधिकारको संरक्षणको लागि, १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्र संघको सभाले एउटा दस्तावेज घोषणा गरेको छ, जसलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र भनिन्छ। यसमा जीवनको अधिकार, व्यक्तिको स्वतन्त्रता र सुरक्षा, कानुनको अगाडि समानता, निष्पक्ष ट्रयालको अधिकार, आवतजावत र बसोबासको स्वतन्त्रता, शरण खोज्ने अधिकार, राष्ट्रिय अधिकार, विचार, विवेक र धर्मको स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला र संघको स्वतन्त्रता विशेष सरकारको अधिकार आदि समावेश छन्। यसका अतिरिक्त केही अधिकारहरू यू.डि.एच.आर को ३० वटा धाराहरूमा पनि सुरक्षित छन्। नेपालमा राष्ट्रिय मानवअधिकार आयोग सन् २००० मा एक स्वतन्त्र वैधानिक निकायको रूपमा स्थापित भएको थियो, जुन नेपालको वर्तमान संविधानको धारा २४८ द्वारा स्थापित गरिएको थियो। केही मानव अधिकारहरूलाई वर्तमान संवैधानिक अधिकारमा मौलिक अधिकारको रूपमा पनि समावेश गरिएको छ। नेपाल अपराध संहिता २०७४ को दफा १७७, दफा २१९, दफा २४१ जस्ता केही धाराहरूले पनि नेपालमा मानवअधिकारको अवधारणालाई लिन्छ। नेपालमा मानव अधिकार संरक्षणका क्षेत्रमा सर्वोच्च अदालतले धेरै ऐतिहासिक निर्णयहरु दिएको छ जसले संविधानमा प्रत्याभूत अधिकारलाई व्यवहारमा उतार्ने आधार तयार गरेको छ। सुनीलबाबु पन्तविरुद्ध नेपाल सरकार (रिट नं. ९१७, निर्णय मिति २०६४/०९/०६) मा सर्वोच्च अदालतले यौनिक तथा लैङ्गिक अल्पसंख्यक (एलजीबीटीआई) समुदायको पहिचान र अधिकारलाई मान्यता दिँदै तेस्रो लिङ्गलाई कानुनी दर्जा दिन सरकारलाई निर्देशन दियो। त्यस्तै, सुमन अधिकारीविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आदेश नं. ०६९-डब्ल्यूएस-००५७, निर्णय मिति २०७१ साल) मा अदालतले द्वन्द्वकालीन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनका दोषीलाई व्यापक आममाफी दिने प्रावधानलाई असंवैधानिक ठहर गर्दै पीडितका न्याय प्राप्त गर्ने अधिकारलाई सुरक्षित गऱ्यो। साथै, मीरा ढुंगानाविरुद्ध सरकार (निर्णय नं. ६०१३, नेपाल कानुन पत्रिका २०५२, निर्णय मिति २०५२/०४/१८) मा महिलालाई सम्पत्ति अधिकारमा भेदभाव गर्ने कानुनी प्रावधानलाई खारेज गर्दै लैङ्गिक समानता सुनिश्चित गर्न निर्देशन दिइएको थियो। यी तीनवटै ऐतिहासिक फैसला मानवअधिकारको संरक्षण र प्रवर्धनमा माइलस्टोनका रूपमा रहेका छन् र संवैधानिक मूल्य तथा मानव मर्यादाको प्रत्याभूतिलाई व्यवहारमा कार्यान्वयन गर्ने ठोस आधार बनेका छन्।

बौद्ध कानून र अन्तर्राष्ट्रिय र नेपालको संघीय कानुनहरूमार्फत् मानवअधिकार राम्रोसँग सुझाइएको भए पनि, यो व्यवहारमा छैन। बुद्ध जन्मिएको हाम्रो देश नेपालमा मानवअधिकारको संरक्षण अझै पूर्णरूपमा सुनिश्चित हुन सकेको छैन। उदाहरणका लागि, यज्ञराज शर्माविरुद्ध नेपाल सरकार, रिट नं. ३३९२ (२०५४) मा हिरासतमा रहेका व्यक्तिलाई यातना दिएको घटनामा सर्वोच्च अदालतले हस्तक्षेप गरेको थियो, तर आजसम्म पनि प्रहरी हिरासतमा यातना दिने घटना सुनिन्छ। त्यस्तै, राजेन्द्रप्रसाद ढकालविरुद्ध नेपाल सरकार, रिट नं. ३५०२ (२०५६) मा जबरजस्ती बेपत्ता पारिएका व्यक्तिको अधिकारको रक्षा गर्न अदालतले आदेश दिएको भए पनि द्वन्द्वकालमा बेपत्ता पार्ने प्रथा अत्यधिक देखिएको थियो। साथै, प्रकाशमणि शर्माविरुद्ध नेपाल सरकार, रिट नं. ३३९२ (२०५८) मा वायु प्रदूषणविरुद्ध नागरिकको वातावरणीय अधिकारको व्याख्या अदालतले गरेको भए पनि अहिले पनि वातावरणीय अधिकार उल्लङ्घन भइरहेकै छ। आफताब आलम जस्ता व्यक्तिहरूले एकैचोटि २७ जना मानिसहरूको हत्या गरिरहेका छन्, तर अदालतले उनलाई निर्दोष ठहर गरिरहेको छ, निर्मला हत्या र बलात्कार मुद्दा जस्ता मुद्दाहरू र भारतको निर्भया बलात्कार मुद्दाले देखाउँछ कि मानवअधिकार व्यवहारमा छैन। विदेशी दृष्टान्तमा हेर्दा, अमेरिकाको ब्राउनविरुद्ध बोर्ड अफ एजुकेशन (सन् १९५४) मा विद्यालयमा जातीय विभाजन असंवैधानिक घोषणा गरिएको थियो, तर व्यवहारमा आज पनि रंगभेदको समस्या देखिन्छ। त्यस्तै, भारतको ए.डी.एम. जबलपुरविरुद्ध शिवकान्त शुक्ला (सन् १९७६) मा आपतकालीन अवस्थामा मौलिक अधिकार निलम्बन गर्ने गलत व्याख्या गरिएको थियो। यी घटनाले देखाउँछ कि कानूनी संरचना भए पनि व्यवहारमा मानवअधिकारको संरक्षण अझै चुनौतीपूर्ण बनेको छ।

अन्ततः बौद्ध कानुन मानवअधिकारले भरिएको छ जसको मूल सार करुणा, अहिंसा, नैतिकता र नैतिकताद्वारा मानिसहरूलाई ठूलो खुशी प्रदान गर्नु हो। यद्यपि यी मानवअधिकारहरू बौद्ध कानुन र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका धेरै कानुनी प्रावधानहरूद्वारा संरक्षित छन्, भ्रष्टाचारको कारण व्यवहारमा मानवअधिकारको संरक्षण छैन। त्यसैले जब राज्यबाट मुख्य शत्रु भ्रष्टाचारको उन्मूलन हुन्छ तब मात्र व्यवहारमा मानवअधिकारहरू अवस्थित हुनेछन्।

भवतु सब्ब मंगलम्!

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्कुल अफ ल सिटि क्याम्पसमा बी.ए.एल.एल.बी. दोस्रो सेमेष्टरमा अध्ययनरत विद्यार्थी हुन्।)

# उमेर बढ्दै जाँदा हातखुट्टा किन दुख्न थाल्छ ?

उमेर बढ्दै जाँदा सिनोभियल फ्लुइडको मात्रा कम भएर घुँडामा कठोरता र दुखाइ बढ्छ।

बढ्दो उमेरसँगै शरीरमा धेरै परिवर्तनहरू हुन्छन्। उमेर बढ्दै जाँदा हाम्रा जोर्नीहरूको लचकता र बलियोपन बिस्तारै कम हुँदै जान्छ, जसले गर्दा हातखुट्टा दुख्ने समस्या हुन्छ।

तर, उमेर बढ्दै जाँदा यो फ्लुइडको मात्रा कम हुँदै जान्छ, जसले गर्दा घुँडामा कठोरता, दुखाइ र हिँड्डुलमा कठिनाइ बढ्छ। यो कमी केवल उमेरको प्रभाव मात्र होइन, बरु जीवनशैली, पोषण र बढ्दो तौल पनि यसका कारणहरू हुन्। यदि समयमै सही उपायहरू अपनाइएन भने, यो अवस्था ओस्टियोआर्थ्राइटिस जस्ता गम्भीर समस्याको रूप लिन सक्छ।

**उमेरसँगै घुँडाको लुब्रिकेसन किन कम हुन्छ ? यसबाट बच्न के गर्न सकिन्छ ?**

***सिनोभियल फ्लुइडको कम उत्पादन***

उमेर बढ्दै जाँदा शरीरका जोर्नीहरूमा प्राकृतिक रूपमा लुब्रिकेन्ट फ्लुइडको निर्माण सुस्त हुन्छ। यो फ्लुइडले हड्डीहरूबीचको घर्षण रोक्छ र यसको कमीले गतिविधिमा बाधा र दुखाइ महसुस हुन्छ।

***कार्टिलेजको घर्षण र क्षति***

जोर्नीहरूबीच रहेको कार्टिलेजले कुशन (बचाव) को रूपमा काम गर्छ। उमेरसँगै यो घिस्रिन्छ, जसले हड्डीहरू एकअर्कासँग ठोक्किन्छन् र लुब्रिकेशनको आवश्यकता झन् बढ्छ।

***पोषणको कमी र डिहाइड्रेसन***

प्रोटिन, ओमेगा-३ फ्याटी एसिड र हायलुरोनिक एसिड जस्ता पोषक तत्वहरू जोर्नीको स्वास्थ्यका लागि आवश्यक छन्। यिनको कमी र पर्याप्त पानी नपिउँदा सिनोभियल फ्लुइडको स्तर घट्छ।

***तौल र निस्क्रिय जीवनशैली***

अत्यधिक तौलले घुँडामा धेरै दबाब दिन्छ, जसले लुब्रिकेसन छिटो कम हुन्छ। त्यस्तै, लामो समयसम्म निस्क्रिय रहँदा सिनोभियल फ्लुइडको सञ्चार कम हुन्छ र जोर्नीहरू कठोर हुन्छन्।

***घुँडामा लुब्रिकेसनको कमीबाट कसरी बच्ने ?***

-प्रोटिन र ओमेगा-३ युक्त खाना खाने। सोयाबिन, दाल, ओखर जस्ता खाद्यपदार्थहरू जोर्नीका लागि फाइदाजनक हुन्छन्। -पर्याप्त पानी पिउने। डिहाइड्रेसनले सिनोभियल फ्लुइडको स्तर घटाउन सक्छ, त्यसैले दैनिक पर्याप्त पानी पिउनुपर्छ।

***नियमित व्यायाम गर्ने***

-हिँड्ने, साइकल चलाउने र स्ट्रेचिङ गर्ने जस्ता गतिविधिले जोर्नीमा रक्तसञ्चार र फ्लुइड उत्पादनमा सुधार गर्छ।

***-तौल नियन्त्रणमा राख्ने***

अत्यधिक तौलले घुँडामा दबाब दिन्छ र लुब्रिकेसनलाई छिटो कम गर्छ।



**बाँसको तामाको व्यापारः**
दाङको घोराही उप-महानगरपालिका-१८ स्थित पहाडी गाउँ घोरदौराकी स्थानीय महिला करिब डेढ घण्टाको बाटो पैदल हिँडेर बाँसको तामा बिक्री गर्न घोराही बजार जाँदै ।
तस्विर : कुलदीप न्यौपाने

# कालीगण्डकीद्वारा बाँझो जग्गामा तरकारी खेती



**प्रकाश डोटेल**
*स्याङ्जा*

गाउँपालिकाका अधिकांश सडक कालोपत्रे छन् । पालिकाले हरेक नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको छ । न्यूनतम २० युनिट विद्युत् उपभोग फ्रि सुविधा दिँदा समेत गाउँ छोड्नेको संख्यामा कमि नआएपछि जग्गा बाँझो हुने क्रम बढ्दै गयो । जग्गा बाँझो हुने क्रमलाई रोक्न जग्गा भाडामा लिएर स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले तरकारी खेती सुरु गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ बाट पालिकाभित्र बाँझो छाडिएका जग्गा भाडामा लिएर कालीगण्डकीले तरकारी खेती सुरु गरेको हो । बसाइँ सरेर गएका र खेती गर्न छाडेका करिब २५ कृषकको जग्गा भाडामा लिएर तरकारी खेती गरिएको गाउँपालिकाका अध्यक्ष खिम थापाले बताए । स्थानीयलाई प्रेरित गर्न र हौसला थप्न जग्गा भाडामा लिएर खेती शुरु गरेको उनले सुनाए ।

प्रतिरोपनी वार्षिक झण्डै दुई हजार ५ सयमा तिन वर्षका लागि भाडामा लिएको झण्डै ८५ रोपनी जग्गामा तरकारी खेती गरिएको छ । भाडामा लिइएको जग्गामा १२ लाख खर्चेर आवश्यक संरचना बनाएको कालीगण्डकीले तरकारी खेतीबाट वार्षिक १२ लाख आम्दानी गर्ने लक्ष्य लिएको छ ।

कालीगण्डकीका ३, ५ र ७ नं. वडामा बाँझो छाडिएका जग्गामा तरकारी खेती गरिएको छ । पहिलो वर्ष जग्गा व्यवस्थापन र नर्सरी स्थापनामा धेरै समय बितेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फर्शुराम उपाध्यायले बताए । जग्गा र नर्सरी व्यवस्थापन गर्दागर्दै बचेको समयमा लगाएको बोडि, सिमी, फर्सि, काँक्रो, घिरौला, गोलभेडा, आलु र प्याज बिक्रीबाट सामान्य आम्दानी लिएको अधिकृत उपाध्यायले जनाए ।

पालिकाकाले चलाएको फर्मबाट उत्पादित तरकारी स्थानीय बजार, जिल्लाकै गल्याङ र वालिङमा खपत हुँदै आएको छ । पहिलो वर्ष सामान्य आम्दानी लिएको गाउँपालिकाले चालु वर्षदेखि राम्रै आम्दानी लिने आशा गरेको छ । पहिलो वर्ष खर्चेको १२ लाख अरु वर्ष खर्चन पर्दैन् प्रत्येक वर्ष १२ लाखकै हाराहारीमा आम्दानी लिन सकिनेमा गाउँपालिकाले विश्वास जनाएको छ ।

जग्गामा मौसमी तथा बेमौसमी तरकारी खेती लगाइन्छ । उत्पादित तरकारी स्थानीयस्तरमा खपत नभए छिमेकी बुटवल बजार निर्यातका प्रबन्ध मिलाएको गाउँपालिकाले जनाएको छ । विषादी प्रयोग नगर्ने फर्ममा रैथाने जातका तरकारीका बिरुवा लगाईएको गाउँपालिकाले दाबी गरेको छ ।

कृषि शाखामा सूचीकृत भएका कामदार परिचलान गरेर फर्मको काम चलाइएको छ । सरकारले तोकेको न्यूनतम ज्याला दिएर कामदारमार्फत् फर्ममा काम गरेको कृषि अधिकृत अनुप पौडेलले बताए । मौसमअनुसार, बन्दा, काउली, खुर्सानी, सिमी, काँक्रा, घिरौला, प्याज र आलु उत्पादन गरिनेछ । आलु र प्याज बढी भए चिस्यान केन्द्रमा राख्ने व्यवस्था मिलाएको पौडेलले बताए ।

कालीगण्डकीले आर्थिक वर्ष २०७६/०७७ देखि १० वर्षका लागि स्थानीयको बाँझो जग्गा भाडा लिएर ड्रागन खेती गर्दै आएको छ । ९० लाखको खर्चमा आवश्यक संरचना बनाएर ड्रागन खेती गरेको पालिकाले पछिल्लो तिन वर्षदेखि आम्दानी लिन थालेको छ । अघिल्लो वर्ष ८ लाख मुनाफा आर्जन गरेको कालीगण्डकीले चालु सिजनमा ५ लाख ५० हजार रुपैयाँ आर्जन गरिसकेको छ ।

ड्रागन खेतीबाट आर्जन गरेको अनुभवलाई तरकारी खेतीमा लगाएको हो । स्थानीयलाई कृषिबाट आम्दानी लिन सकिन्छ भन्दै मखमली फूल र केरा खेतीको व्यावसायिक उत्पादनमा लगाएको कालीगण्डकीका प्रशासकीय अधिकृत उपाध्यायले बताए । मखमली फूल र केरा खेती गरेका कृषकलाई अनुदानसँगै बजारीकरणको व्यवस्था पालिकाले गरेको उनले बताए ।

# बागलुङमा राजमार्ग केन्द्रित कृषि तथा पशुपालन कार्यक्रम



गलकोट । बजारीकरणमा सघाउने उद्देश्यले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोरलाई केन्द्रित गरी पशु तथा कृषि विकाससम्बन्धी नयाँ कार्यक्रम सार्वजनिक गरेका छन् ।

पशुपालनका साथै कृषि उत्पादकत्व बढाउन तथा बजारीकरणमा किसानलाई सघाउने ती कार्यक्रमका निम्ति रु ४० लाख विनियोजन भएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले राससलाई बताए ।

चालु आर्थिक वर्षमा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले कालीगण्डकी करिडोर केन्द्रित पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रवर्द्धन कार्यक्रमका लागि रु २० लाख विनियोजन गरेको छ भने कृषि ज्ञान केन्द्रले पनि मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रमका निम्ति रु २० लाख विनियोजन गरेको छ ।

कृषिउपज, माछामासु, अण्डा र दूधको बजारीकरणमा सघाउनु कार्यक्रमको मुख्य उद्देश्य हो ।

# विश्वयुद्धका योद्धाको सम्मानमा लाहुरे गाउँमा गोर्खा ग्यालरी



गुल्मी । विश्वयुद्धमा लडेका नेपाली योद्धाको सम्मानमा सत्यवती गाउँपालिका-८ को लाहुरे गाउँमा गोर्खा ग्यालरी स्थापना गरिएको छ । लेफ्टिनेन्ट कुलबहादुर बुढाथोकीले आफ्नै लगानीमा भार्सेमा गोर्खा ग्यालरी स्थापना गरेका हुन् । ग्यालरीमा पहिलो र दोस्रो विश्वयुद्ध लडेका लाहुरेहरुको तस्बिर समेटेर ग्यालरी स्थापना गरेका हुन् ।

ग्यालरी पछिल्लो समय अनुसन्धानकर्ताका लागि अध्ययन केन्द्रको रुपमा विकसित हुन थालेको छ । लाहुरेहरुको इतिहासलाई जीवन्त राख्नका लागि ग्यालरी निर्माण गरिएको बुढाथोकीको भनाइ छ ।

भार्सेबाट प्रथम र दोस्रो विश्वयुद्ध लड्नेहरुको इतिहासलाई जीवन्त राख्न उनीहरुका तस्विर राखेर भूपू गोर्खा ग्यालरी र भार्सेबाट गोर्खा, भारत र नेपाली लाहुरेसहित सामाजिक अग्रजलाई समेटेर भार्से ग्यालरी निर्माण गरिएको हो । यसले भार्से पुग्ने जोकोहीका लागि पनि सिङ्गो इतिहासलाई नजिकबाट नियाल्न महत्वपूर्ण सहयोग पुऱ्याउने भार्सेका सामाजिक अगुवा नरबहादुर बूढाथोकीले बताए ।

भार्सेबाट प्रथम विश्वयुद्ध लड्ने ८४ जना र दोस्रो विश्वयुद्ध लड्ने १७८ जना रहेको लेफ्टिनेन्ट कूलबहादुर बूढाथोकीले बताए । भूपू गोर्खा ग्यालरीमा पहिलो र दोस्रो विश्वयुद्ध लडेका अहिलेसम्म ३४ जना दिवङ्गत व्यक्तिको तस्विर र संक्षिप्त विवरण राखिएको छ । जसमा कम उमेर र नेपालबाट पहिलो भिक्टोरिया क्रस पाउने कर्णबहादुर रानादेखि भारतीय सेनामा नेपालबाट पहिलो कर्णेल श्रीप्रसाद बूढाथोकी र श्रीप्रसादकै बुबा गिरीप्रसाद बूढाथोकीको तस्विर राखिएको भार्सेका अगुवा नरबहादुर बूढाथोकीले जानकारी दिए ।

गिरीप्रसाद र श्रीप्रसाद बूढाथोकी बाबुछोरा नै नेपालका पूर्वमन्त्रीहरु हुन् । उनीहरु बाबुछोरा एउटै पल्टनबाट विश्वयुद्ध लडेका थिए । लेफ्टिनेन्ट कूलबहादुर बूढाथोकीका बुवा मोतीबहादुर बूढाथोकी पनि विश्वयुद्ध लडेका थिए । भार्सेमा जन्मिएका लेफ्टिनेन्ट कूलबहादुर बूढाथोकी अहिल हङकङमा बस्छन् ।
बूढाथोकीले ग्यालरीका लागि करिब रु ५७ लाख लगानी गरेका छन् । "स्वदेश तथा विदेशमा भार्सेलीको गर्विलो इतिहासलाई जोगाउने प्रत्यन मात्र गरेको हुँ ।"-उनले भने ।

भार्से ग्यालरीमा भार्सेली भारतीय, बिर्टिस, नेपाली सेना, प्रहरी तथा राष्ट्रसेवक कर्मचारीसहित ६८४ जनामध्ये अहिले ४०० जनाको तस्विर राखिएको छ । पछिल्लो समयमा सडक यातायातको सहज पहुँचका कारण भार्से यतिबेला आन्तरिक तथा बाह्य पर्यटकका लागि मुख्य पर्यटकीय गन्तव्यस्थलका रुपमा विकसित हुँदै जान थालेको छ ।

# नारायण युवा क्लबको २८औं वार्षिक साधारणसभा



पाल्पा । नारायण युवा क्लब तानसेन पाल्पाको २८औं वार्षिक साधारण सभा तथा १४औं अधिवेशन सम्पन्न भएको छ । नारायण युवा क्लब २०५४ सालमा स्थापना भएको हो । साधारणसभालाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुँवरले नारायण युवा क्लबले युवाको क्षमता विकास समाज तथा सुधारको विषयमा राम्रो काम गरेको बताइन् । युवा क्लबले युवा सुधार, लागु औषध दुर्व्यसनी विरुद्धका कार्यक्रम, तथा कोरोनाकालमा मानवसेवा गरेर समाजप्रतिको दायित्व निर्वाह गरेको प्रजिअ बज्राचार्य कुवँरले बताइन् ।

क्लबका संस्थापक अध्यक्ष नेपाली कांग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले आफ्नो नेतृत्वमा सुरु भएको क्लबले नमूना कामहरु गर्दै आएको बताए । हाम्रा ऐतिहासिक धार्मिक सांस्कृतिक धरोहरको संक्षणमा क्लब लागिरहेको उनले जनाए । कोरोनाकालमा खाद्यान्न वितरण, लागुऔषधविरुद्ध सचेतना कार्यक्रम, क्यान्सर सचेतनामा सहयोग, खेलकुद प्रतियोगिता, रक्तदान तथा सरसफाइ कार्यक्रम क्लबले नियमित रुपमा गर्दै आएको संस्थापक अध्यक्ष श्रेष्ठले बताए ।

श्रृजनशिल टोल विकास संस्थाकी अध्यक्ष सरस्वती शर्मा, पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, संस्थाका सल्लाहकार द्वारिकाप्रसाद शर्मा, तानसेन खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठ, नारायण मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नारायाण कोइराला, सल्लाहकार युवराज पौड्यालगायतले क्लबले गरेका गतिविधिका बारेमा चर्चा गरेका थिए ।

वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका सचिव विनायक महर्जनले ब्याडमिन्टन प्रतियोगिता, शुभकामना आदानप्रदान, सरसफाइ तथा संस्कृति जर्गेना, ट्राफिक सचेतना, रक्तदान कार्यक्रम, मुटु परीक्षण जस्ता कार्यक्रमहरु गरेको जानकारी गराए । संस्थाका कोषाध्यक्ष विष्णुप्रसाद श्रेष्ठले १० लाख बराबरको वार्षिक आयव्यय विवरण प्रस्तुत गरेका थिए ।

संस्थाका अध्यक्ष प्रविनराज शाक्यको अध्यक्षमा भएको कार्यक्रमको स्वागत निवर्तमान अध्यक्ष किशोर दर्शन बज्राचार्यको स्वागत र सञ्चालन सचिव विनयराज महर्जनले गरेका थिए । कार्यक्रममा क्लबसँग सहकार्य गरेर सामाजिक काममा सक्रिय भूमिका निर्वाह गरेका संघ संस्था तथा व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

**महिला...**

कार्यक्रममा पर्सा, बारामा उद्योग, व्यापार, शिक्षा, सामाजिक कार्यमा सक्रिय रहेका महिलाहरूलाई सम्मान गरिएको थियो ।

राजनीतिमा सक्रिय भएकी भण्डारीलाई विमानस्थलमै ५१ किलोको मालाले स्वागत गरिएको थियो । एमालेले कार्यक्रममा सहभागी नहुन निर्देशन दिए पनि कार्यकर्ताहरू विमानस्थलमै पुगेर भण्डारीलाई स्वागत गरेका हुन् ।

पमर्टी निर्देशन अवज्ञा गर्दै स्थायी कमिटी सदस्य मुकुन्द न्यौपाने, पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, सचिवालय सदस्य जय प्रकाश थारु, केन्द्रीय सदस्यहरू केदार न्यौपाने, अरविन्द सिंह, मधेश प्रदेश सचिव मनोज पौडेल, वीरगञ्ज महानगर अध्यक्ष नवराज शर्मा, जितपुर सिमरा उपमहानगरपालिकाका उपमेयर भोलाप्रसाद अधिकारीलगायत विमानस्थलमै पुगेर स्वागत गरेका थिए ।

**बलियो...**

रुपन्देहीको सम्मरीमाई गाउँपालिकाका पूर्व अध्यक्ष जितेन्द्रनाथ शुक्ला २०७४ को स्थानीय तह चुनावमा तत्कालीन विजय गच्छदार नेतृत्वको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकबाट पालिका अध्यक्ष निर्वाचित भएका थिए । त्यसपछि ०७९ मा माओवादीमा प्रवेश गरेर पुनः गाउँपालिका अध्यक्ष उम्मेदार बनेर पराजित भएका थिए । पराजित भएपछि उनी जनता समाजवादी पार्टी नेपाल हुँदै जनमत पार्टीमा प्रवेश गरेका थिए । गत आम चुनावमा उनी प्रदेश सभाको उम्मेदार बनेर पराजित भएका थिए ।

त्यसैगरी मर्चवारी गाउँपालिकाका पूर्वअध्यक्ष केवशनन्द बानियाँ ०७४ मा उपेन्द्र यादव नेतृत्वको पार्टीबाट पालिका अध्यक्ष जितेका थिए । ०७९ मा लोसपाबाट लडे पनि हारेका थिए । बनियाँविरुद्ध २०७९ चैतमा गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

स्रोत नखुलेको सम्पत्तिबराबर बनियाँलाई ९१ लाख ८६ हजार ५४३ रुपैयाँ ३० पैसा बिगो जफत र जरिवाना असुल गर्न मागदाबीसहित मुद्दा दर्ता भएको थियो । आयभन्दा व्यय ९१ लाख ८६ हजार ५४३ रुपैयाँ ३० पैसाबराबर रकमको स्रोत नखुलेको, तत्कालीन अध्यक्ष बनिया र उनको परिवारले उच्च जीवनस्तर यापन गरेकोजस्ता कारणले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको पुष्टि हुन आएको अख्तियारको आरोप थियो । शुक्ला र बानियाँसहित सयौं जना एमाले प्रवेशले मर्चवारमा एमाले बलियो हुने एमाले नेताहरुको दाबी छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**स्याउ बजार लैजाने तयारीः**
मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचे गाउँका किसान निरज तुलाचनको बारीमा लटरम्म फलेको स्याउ टिपेर बजार लैजाने तयारी गर्दै व्यापारी। दसैँ तिहारलाई लक्षित गर्दै उनीहरूले स्याउ बजारमा बिक्रीको लागि लैजान लागेका हुन् । तस्विरः सुशीलबाबु थकाली / रासस

# अनियमितताविरुद्ध नागरिक अख्तियार धाउँदै



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

सरकारी निकाय र सामाजिक संघ संस्थामा हुने अनियमितविरुद्ध नागरिक अख्तियार धाउने क्रम रोकिएको छैन। नागरिकले सरकारी निकाय र सामाजिक संघ संस्थामा हुने अनियमित रोक्न अख्तियार पुग्ने गर्दछन् । अनियमितविरुद्ध छानबिन गरिदिन भन्दै स्याङ्जाका नागरिकले अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय पोखरामा १ सय ३१ जनाले उजुरी दर्ता गराएका छन् ।

आर्थिक वर्ष २०८१/०८२ मा स्याङ्जाबाट अख्तियारको कार्यालयमा १ सय ३१ उजुरी दर्ता भएका हुन् । लिखित निवेदन, इमेल, टेलिफोन, म्यासेन्जर, पत्रपत्रिकालगायतमार्फत् अख्तियारमा उजुरी दर्ता भएको कार्यालयले जनाएको छ । अख्तियारको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/०८२ मा भन्दा आर्थिक वर्ष २०८०/०८१ मा स्याङ्जाबाट उजुरी गर्नेको संख्या बढी थियो। दुई आर्थिक वर्षको तथ्याङ्क हेर्दा क्रमिक रुपमा अख्तियारमा उजुरी दर्ता गर्नेको संख्या घट्न थालेको हो की भन्ने देखाएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका केन्द्रीय सह-प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार देशभर उजुरीहरु घटेको छैन। 'कुनै जिल्लामा बढ्ने र घट्ने बेला–बेलामा भइरहने हुन्छ,' उनले भने-'उजुरीहरु घट्दिए हुन्थ्यो भन्ने अख्तियारको चाहाना हो, उजुरी तलमाथि हुँदैमा अख्तियारको विश्वास घट्यो भन्न मिल्दैन।'

आर्थिक वर्ष २०८०/०८१ मा स्याङ्जाबाट १ सय ६८ उजुरी दर्ता भएका थिए । गत आर्थिक वर्ष २०८१/०८२ मा स्याङ्जाबाट १ सय २१ उजुरी दर्ता भएका छन्। जसमध्ये अघिल्लो आर्थिक वर्षको फछ्र्यौट हुन बाँकी १० उजुरी सहित गरेर स्याङ्जाका १ सय ३१ उजुरी अनुसन्धानमा परेका थिए । कार्यालयले दिएको जानकारीअनुसार संघ, प्रदेश र स्थानीयतहमध्ये सबैभन्दा बढी उजुरी स्थानीयतहको रहेको छ । स्थानीयतहमा जनप्रतिनिधि र कर्मचारीको लापरबाहीमा भएका विकास निर्माण, खरीद, वितरणलगायतका विषयमा बढी उजुरी परेको अख्तियारको तथ्याङ्कमा उल्लेख छ।

अख्तियारको कार्यालय पोखराले दिएको जानकारी अनुसार संघीय सरकारका २३, प्रदेश सरकारका १६ र स्थानीय सरकारका ९२ उजुरी दर्ता भएका छन्। हरेक लापरबाहीमा नागरिकले आवाज उठाए पनि स्थानीय सरकारले सुनुवाइ नगरेपछि नागरिक अख्तियार पुग्न थालेको यो तथ्याङ्कले देखाउँछ । आर्थिक वर्ष २०८१/०८२ मा गल्याङ नगरपालिकाका १५, चापाकोट नगरपालिकाका ३९, पुतलीबजार नगरपालिकाका २६, भीरकोट नगरपालिकाका २ र वालिङ नगरपालिकाका १९ ओटा उजुरी दर्ता भएका थिए । गाउँपालिकातर्फ अर्जुनचौपारीका १३, आँधीखोलाका ४, कालीगण्डकीका ३, फेदिखोलाका १, बिरुवाका ७ र हरिनासका २ उजुरी गरी १ सय ३१ दर्ता भएका थिए। दर्ता भएका उजुरीमध्ये १ सय २ फछ्र्यौट भएका छन् भने २९ उजुरी अनुसन्धानकै क्रममा रहेको सूचना अधिकारी राकेश पाण्डेले जानकारी दिए।

गल्याङको ३, चापाकोटको १४, पुतलीबजारको ४, वालिङ नगरपालिकाको २, अर्जुनचौपारीको १, आँधीखोलाको ३, कालीगण्डकीको १, हरिनासको १ गरी २९ ओटा उजुरी अख्तियारको अनुसन्धानकै क्रममा रहेका छन्। भीरकोट, बिरुवा र फेदिखोलाका उजुरीहरु फछ्र्यौट भई शून्यमा झरेको तथ्याङ्कले देखाएको छ। अख्तियारको कार्यालयले दिएको जानकारी अनुसार स्थानीयतह (संघीय मामिला), शिक्षा, पर्यटन, शिक्षा, विज्ञान तथा प्रविधि र अन्य विषयमा उजुरी परेका थिए।

गण्डकी प्रदेशभरीबाट अख्तियारको कार्यालय पोखरामा ११९६ उजुरी दर्ता भएका थिए । आर्थिक वर्ष २०८०/०८१ को बाँकी १ सय ६० गरी १३५६ उजुरी आर्थिक वर्ष २०८१/०८२ मा दर्ता भएका थिए। गण्डकी प्रदेशकै तथ्याङ्क हेर्दा पनि स्थानीयतहकै उजुरी सबैभन्दा बढी दर्ता भएका छन् । नागरिकले नजिकको सरकारको रुपमा चिन्ने स्थानीय सरकारमा भ्रष्टचार धैरै हुन्छ भन्ने तथ्याङ्क अख्तियारमा परेको उजुरीका आधारमा देखिन्छ।

# मोहनकन्या माविले हीरक महोत्सव मनाउने



**कृष्ण पोखरेल**
*पाल्पा*

छात्राहरुको मात्र पठन पाठन हुने पाल्पाको ऐतिहासिक शैक्षिक संस्था मोहनकन्या माध्यमिक विद्यालयले आफ्नो ७५औँ वार्षिकोत्सवको अवसरमा हीरक महोत्सव गर्ने भएको छ । विद्यालयले यही भदौ १६ गते हीरक महोत्सव गर्ने भएको हो। हीरक महोत्वको अन्तिम तयारीको बारेमा पत्रकार भेटघाट गरी जानकारी दिएको छ।

२००७ सालमा तत्कालीन राण प्रधानमन्त्री मोहन शमशेरको नामबाट स्थापित भएको मोहन कन्या माविमा कक्षा १ देखि १२ सम्म छात्राहरुले मात्र अध्ययन गर्ने यस क्षेत्रकै एकमात्र कन्या विद्यालय हो । छोरीहरुलाई पनि विद्यालय शिक्षाको पहुँच पुऱ्याउन, छोरीहरुलाई शिक्षित बनाउने उद्देश्यले तानसेनका अयोध्याप्रसाद प्रधानलगायतको समूहको पहलमा मोहनकन्या विद्यालय सञ्चालन भएको हो।

हीरक महोत्सवको अवसरमा भदौ १५ गते पूर्व विद्यार्थी पुनरमिलन कार्यक्रम रहेको छ । हीरक महोत्सवलाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सम्वोधन गर्ने कार्यक्रम रहेको छ।

कार्यक्रममा पत्रकार महासंघका उपाध्यक्ष मुक्ति न्यौपानेले बजारको बिच भागमा रहेको कन्या विद्यालयलाई देशकै नमूना विद्यालय बनाउन शिक्षक, अभिभावक, विद्यार्थी तथा सरोकारवाला निकाय सहयोग, सहकार्य र समन्वय जरुरी रहेको बताए। विद्यार्थीलाई युग सुहाउँदो शिक्षा, डिजिटल प्रविधि, टिक्ने र बिक्ने शिक्षाको व्यवस्था मिलाउन पत्रकार महासंघ उपाध्यक्ष न्यौपानेले जोड दिए। विस २०७४ सालदेखि विद्यालयमा कक्षा ९ देखि १२ सम्म निःशुल्क रुपमा कम्प्युटर इञ्जिनेयरिङ्ग शिक्षा पठन पाठन हुँदै आएको छ।

विद्यालयले अधिकांश विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराएको, पठन पाठनमा कुनै किसिमको शुल्क नलाग्ने, पहिलो पटक भर्ना हुने विद्यार्थीलाई विद्यालय पोशाक निःशुल्क उपलब्ध गराउने, कक्षा ८ सम्म निःशुल्क रुपमा दिवा खाजाको व्यवस्था, कम्प्युटर विज्ञानमा ओजीटी गर्दा छात्रवृत्तिको व्यवस्थालगायतका सुविधाहरु पाउने विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले बताए।

विद्यालयले आगामी दिनमा विद्यालय नर्स कार्यक्रम सञ्चालनको लागि आवश्यक तयारीमा जुटेको जनाएको छ । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठको अध्यक्षता, शिक्षक मन गहिरेको स्वागत र सञ्चालन हीरक महोत्सवका सञ्चार एवं प्रचार प्रसार समिति संयोजक गोपाल बस्यालको सञ्चालनमा भएको थियो।

# पुस्तकालय दिवसमा ज्ञानज्योतिद्वारा हाजिरीजवाफ

बुटवल। १८औँ राष्ट्रिय पुस्तकालय दिवसको पूर्व सन्ध्यामा बुटवलमा हाजिरी जवाफ प्रतियोगिता भएको छ । बुटवल ८ सुख्खानगरमा रहेको ज्ञानज्योति पुस्तकालयको आयोजनामा जिल्लास्तरीय आधारभूत तहअन्तर्गत कक्षा १-५ का विद्यार्थीहरू बिच मणिमुकुन्द माध्यमिक विद्यालय बुटवलमा कार्यक्रम भएको हो । पुस्तकालयले प्रत्येक वर्ष नियमित रुपमा मनाउँदै आएको पुस्तकालय दिवसलाई यस वर्ष पनि निरन्तरता दिएको हो। रुपन्देही जिल्ला भरबाट सामुदायिक र संस्थागत गरी २५ वटा विद्यालयहरु सहभागी प्रतियोगितामाप्रथम डन चिल्ड्रेन एकेडेमी, द्वितीय न्यू होराइजन मा.वि., तृतीय तिनाउ इङ्लिस बोर्डिङ्ग स्कुल र सान्त्वना कालिका मानवज्ञान मा.वि. भएका छन्।

हिसान रुपन्देहीका अध्यक्ष कृष्णबहादुर न्यौपानेको प्रमुख आतिथ्यता रहेको कार्यक्रमको अध्यक्षता पुस्तकालयका सदस्य ज्ञानु केसीले गरेकी थिइन्। स्वागत मन्तव्य तथा कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै पुस्तकालयका अध्यक्ष टुकबहादुर क्षेत्रीले ज्ञानज्योतिले इन्टरनेट र कम्प्युटर सुविधासहित सुविधासम्पन्न पुस्तकालय सञ्चालन गरेकाले यसको लाभ उठाउन आग्रह गरे। पुस्तक पढ्ने बानीको विकास गराउन सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्ने उनको आग्रह छ। कार्यक्रमको सञ्चालन पुस्तकालयका व्यवस्थापक प्रकाश सुवेदीले गरेका थिए । उक्त कार्यक्रम स्व.गणेश पाण्डेको स्मृतिमा समेत गरिएको थियो।

वि.सं. २०४३ सालमा स्थापना भएको ज्ञानज्योति पुस्तकालयले निरन्तररुपमा भानुजयन्तिको अवसरमा पनि रामायण वाचन प्रतियोगिता गर्दै आएको छ।

# मिस नेपाल-२०२५ को उपाधि लुना लुइँटेललाई



बुटवल । शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित ग्रान्ड फिनालेमा लुइँटेल मिस नेपाल भएकी हुन्।

हिडन ट्रेजरले आयोजना गरेको मिस नेपालको ३१औं संस्करणमा २५ सुन्दरीलाई पछि पार्दै लुइँटेलले 'मिस नेपाल वर्ल्ड' को उपाधि जितेकी हुन्।

उनलाई पूर्वमिस नेपाल आस्मा कुमारी केसीले ताज लगाइदिएकी थिइन्।

यस्तै, मिस अर्थ सोनी घले भएकी छिन्। उनलाई पूर्वमिस अर्थ सुमना केसीले ताज प्रदान गरेकी थिइन् भने मिस नेपाल इन्टरनेसनको ताज उरूषा भण्डारीलाई प्रदान गरिएको छ। उनलाई पूर्वमिस नेपाल इन्टरनेसन करूणा रावलले ताज लगाइदिएकी थिइन्।

# रूपन्देहीमा पनि मनाइँयो गौरा




बुटवल। सुदूरपश्चिम क्षेत्रमा मनाइँदै आइएको पर्व गौरा रुपन्देहीमा पनि मनाइएको छ।

सुदूर पश्चिम जन्मस्थान, तर विभिन्न कारणले लुम्बिनी प्रदेशकका विभिन्न स्थानमा बसोबास गर्नेहरुको संस्था सुदूर पश्चिम सम्पर्क समाज लुम्बिनीको आयोजनमा गौरा पर्व मनाइएको हो।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेश प्रहरी कार्यालय प्रमुख डीआइजी राजेन्द्रप्रसाद भट्टले सुदूरपश्चिमको संस्कृति लुम्बिनीमा बसेर बचाउनमा महत्वपूर्ण योगदान पुगेको उल्लेख गरे। उनले यस्ता कार्यले नयाँ पुस्तालाई संस्कृति पुस्तान्तरणमा सहयोगी बन्ने बताए।

साइन रेसुङ्गा विकास बैंकका सहायक कार्यकारी प्रमुख लोकराज पनेरुले सुदुरपस्चिमका जनतालाई समेटेर घर गएर मनाए जस्तै अनुभव दिलाएको भन्दै खुसी व्यक्त गरे। उनले आफूले आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

संस्थाका अध्यक्ष परमानन्द पन्तले आपद विपद् पर्दा सहयोग गर्न अक्षयकोष निर्माण गर्ने उद्घोष समेत गरे। उनले सामूहिक बिमाको पनि तयारी गरेको उल्लेख गरे।

संस्थापक अध्यक्ष आयुस बोगटी, कार्यक्रम संयोजक उपाध्यक्ष उद्धव विष्टको स्वागत, सचिव धिरबहादुर कार्कीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# मैत्री बहुउद्देश्यीय सहकारीको २८औं वार्षिक साधारणसभा सम्पन्न



बुटवल। मैत्री बहुउद्देश्यीय सहकारी संस्था लि. तम्घास, गुल्मीले आफ्नो २८औं वार्षिक साधारणसभा बुटवलमा सम्पन्न गरेको छ।

कार्यक्रमको अध्यक्षता सहकारीका अध्यक्ष डा. गोकर्णराज पन्थीले गरेका थिए भने प्रमुख अतिथिमा बुटवल उपमहानगरपालिका-११ का अध्यक्ष रामचन्द्र क्षेत्री रहेका थिए।

कार्यक्रममा बोल्दै क्षेत्रीले सहकारी बलियो बनाउँदै शेयर सदस्यको लगानी सुरक्षित गर्न निर्देशन दिए। उनले सहकारीको निरन्तर प्रगतिमा शुभकामना मन्तव्य व्यक्त गर्दै आगामी दिनमा अझ सशक्त र पारदर्शी ढङ्गले सदस्य हितमा काम गर्न आग्रह गरे।

कार्यक्रममा सहकारी बैंक बुटवलका प्रमुख नारायण बेलबासेले सहकारीको अवस्था राम्रो रहेको बताउँदै आवश्यक सतर्कता अपनाउन आग्रह गरे। उनले लगानीको क्षेत्रको बारेमा ख्याल गरेमा सहकारी समस्यामा नपर्ने बताए।

यातायात मजदुर भलाई कोषका अध्यक्ष दिनेश फुल्लेलले शेयर लगानीबाट भविष्यमा प्रतिफल आउनुपर्ने जनाए।

सहकारीका वित्तीय प्रतिवेदनअनुसार २०८२ आषाढ मसान्तसम्म सहकारीमा १३ हजार ३७१ जना शेयर सदस्य रहेका छन्।

सहकारीको कुल शेयर पुँजी रु. १२ करोड ७२ लाख ४२ हजार ८०० पुगेको छ भने जगेडा कोषमा रु. ७ अर्ब ५२ करोड २६ लाख ७९ हजार ८१६ संकलन भएको छ।

कार्यक्रममा सहकारीका पदाधिकारी, शेयर सदस्य तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**विद्युतीय व्यापार (इ कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु**

- विश्वसनीय बेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं।
- व्यक्तिगत जानकारी (जस्तै ओ.टी.पी., पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं।
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं।
- खरिद गरेको सामग्री बिग्रिएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं।
- फेसबुक लगायत अन्य संचारमाध्यममा देखिएको विज्ञापन लिंक खोज्नु अघि सावधानी अपनाउने गरौं।
- ठगीको मनासयले गरिने अत्यधिक सस्तो सामग्रीप्रति सचेत रहौं।
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानूनी रुपमा दर्ता भए/नभएको एकिन गरौं।
- खरिद गरेका सामग्रीको बिल सुरक्षित राखौं।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com